गरिब परिचयपत्र असारभित्रै

थप २३ जिल्लाको सर्वेक्षण सम्पन्न

हिमालय टाइम्स
काठमाडौं, १८ कात्तिक

मन्त्रालयका प्रवक्ता जनकराज जोशीले सबै जिल्लामा परिचयपत्र वितरण गर्ने तयारीस्वरूप २३ जिल्लामा सर्वेक्षण कार्य सम्पन्न भएको र बाँकी २८ जिल्लामा असारसम्ममा सर्वेक्षण सम्पन्न गरिने उहाँले जानकारी दिनुभयो ।

सरकारले हालसम्म २६ जिल्लामा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण गर्दै आएको छ । त्यसो त सरकारले सबै जिल्लामा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरणको तयारी गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता जनकराज जोशीले हालसम्म २६ जिल्लामा गरिब घरपरिवार पहिचान भई कतिपय जिल्लामा परिचयपत्र पनि वितरण भइसकेको हिमालय टाइम्सलाई बताउनुभयो ।

सबै जिल्लामा परिचयपत्र वितरण गर्ने तयारीस्वरूप २३ जिल्लामा सर्वेक्षण कार्य सम्पन्न भएको र बाँकी २८ जिल्लामा असारसम्ममा सर्वेक्षण सम्पन्न गरिने उहाँले जानकारी दिनुभयो ।

सरकारले हालैमात्र आगामी असारभित्रै गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्य सक्ने निर्णय गरेको थियो । अर्थ मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आगामी असार मसान्तभित्रमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्य सम्पन्न गर्ने निर्णय गरेका हुन् ।

अर्थ मन्त्रालयमा बसेको बैठकमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्य चालु आर्थिक वर्ष २०७७/७८ भित्र सम्पन्न गर्न आवश्यक व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने र सो कार्यका लागि आवश्यक पर्ने थप स्रोतको व्यवस्थापन अर्थ मन्त्रालयले गर्ने निर्णय भएको थियो ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गरिब तथा विपन्न वर्गको तथ्यांक नहुँदा राज्यबाट राहत तथा सहुलियतका कार्यक्रम सञ्चालन गर्न समस्या भएको र वितरण कार्य पनि उपलब्धिपूर्ण एवं प्रभावकारी हुन नसकेको बताउनुभयो । उहाँले गरिब घरपरिवार परिचयपत्रले लक्षित एवं विपन्न वर्गलाई राहत, सहुलियत, रोजगारी, सामाजिक सुरक्षालगायतमा विशेष सहयोग पुऱ्याउने बताउँदै गरिब तथा विपन्न वर्गलाई लक्षित गरी विभिन्न निकायबाट सञ्चालित कृषि कर्जा, सहुलियतपूर्ण ब्याज, कृषिका लागि अनुदान, स्वास्थ्योपचार, शिक्षामा सहुलियतलगायत कार्यक्रमको प्रभावकारिता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले गरिब घरपरिवार परिचयपत्रका आधारमा कार्यक्रम सञ्चालन गर्दा स्रोतको सही सदुपयोग हुने र प्रभावकारी परिणाम निस्कने बताउनुभयो । बैठकले घर परिवार सर्वेक्षणमा झुठ्ठा वा नक्कली तथ्यांक संकलन र प्रविष्ट हुन नसक्ने विधिसहित त्यस्ता तथ्यांकको सिफारिश गर्ने वा संकलन गर्ने वा प्रविष्ट गर्ने पदाधिकारी उपर कारबाही गर्ने प्रणाली भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले विकास गरी त्यसको नियमितरूपमा अनुगमन गर्ने संयन्त्र विकास गर्ने निर्णय पनि गरेको छ ।

मन्त्रालयले पहिलो चरणमा पिएमटी (प्रोक्सिमिन टेष्टिङ) को आधारमा २५ जिल्लामा गरेको गरिबी पहिचान विधिबाट ३ लाख ९१ हजार ८ सय ३१ घरपरिवारका १२ लाख २४ हजार ४ सय १७ जना गरिब भएको पहिचान गरेको हो पहिचान गरिएका १२ लाख २४ हजार गरिबमध्ये सबैभन्दा बढी गरिबको बसोवास रहेका गाउँपालिकाबाट गरिब परिचयपत्र वितरण सुरु गरेको थियो । सामान्यत: समाजले स्वीकार गरेको सम्पन्नता हासिल गर्न र जीवनका लागि आवश्यक न्यूनतम आधारभूत आवश्यकता तर्थात् गाँस, बास र कपास परिपूर्ति गर्न वा वित्तीय स्रोत जुटाउन नसक्नेलाई गरिबी भनिन्छ ।

गरिबी पहिचान गरिएका २५ जिल्लामा भोजपुर, खोटाङ, सिरहा, सिन्धुली, रामेछाप, रौतहट, गोरखा, तनहुँ, बाग्लुङ, कपिलवस्तु, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम, बर्दिया छन् । त्यस्तै जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बाजुरा, बझाङ, अछाम र कैलालीमा गरिब पहिचान भएका छन् । मन्त्रालयका अनुसार २५ जिल्लाको कुल गरिबीदर ४०.८ प्रतिशत छ ।

२५ जिल्लामध्ये सबैभन्दा गरिब जिल्लाको रूपमा बाजुरामा २१ हजार ७ सय ११ घरपरिवारमध्ये १३ हजार ६ सय १९ घरपरिवार गरिबीको रेखामुनि रहेका छन् । सबैभन्दा कम गरिब घरपरिवार तनहुँमा ६५ हजार ७३ घरपरिवारमा ९ हजार २ सय ७५ परिवारमात्रै गरिब छन् ।

बीमा दाबी एक हप्ताभित्र भुक्तानी गर्न निर्देशन

हिमालय टाइम्स
काठमाडौं, १८ कात्तिक

अर्थ मन्त्रालयले बीमा समितिबाट जारी भएका कोरोना बीमा लेख बमोजिमको दाबी गरेका बीमितको बीमांक रकम एक हप्ताभित्र भुक्तानी गर्न निर्देशन दिएको छ । कोरोना बीमा दाबी गरेका बीमितको पीसीआर परीक्षण प्रतिवेदन पोजेटिभ प्रमाणित भएपछि बीमालेखअनुसार दिनुपर्ने रकम सबै बीमितलाई सम्बन्धित बीमा कम्पनीले एक हप्ताभित्र भुक्तानी दिन मन्त्रालयले निर्देशन दिएको हो ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलको उपस्थितिमा अर्थ मन्त्रालय भएको बैठकपछि एक हप्ताभित्र बीमा रकम भुक्तानी गर्ने कार्यको समन्वय र अनुगमन बीमा समितिले गर्नुपर्ने र दाबी भुक्तानीको दैनिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउन पनि समितिलाई मन्त्रालयले निर्देशन दिएको अर्थ मन्त्रालयका प्रवक्ता रामेश्वर दंगालले बताउनुभयो ।

यसैगरी कोरोना बीमा दाबी भुक्तानी सम्बन्धमा सेवाग्राहीबाट आएका गुनासाको सुनुवाइ गरी समस्या समाधानका लागि सम्बन्धित बीमा कम्पनीलाई निर्देशन दिन हटलाइन टेलिफोनसहितको हेल्प डेस्क सञ्चालन गर्ने व्यवस्था पनि तत्काल मिलाउन निर्देशन दिएको छ । कोरोना बीमाको दाबी भुक्तानी कार्यमा सेवाग्राहीबाट आएका गुनासा सुनुवाइ गरी समस्या समाधानका लागि सम्बन्धित बीमा कम्पनीलाई निर्देशन दिन हटलाइन टेलिफोनसहितको हेल्प डेक्स सञ्चालनको व्यवस्था मिलाउन निर्देशन दिएको हो ।

छलफलमा बैठकमा अर्थ मन्त्रालयका सचिवद्वय शिशिरकुमार ढुगाना, रामशरण पुडासैनी, बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाइँ, बीमक संघका अध्यक्ष दीपप्रकाश पाण्डेलगायतको उपस्थिति थियो ।

अर्थमन्त्रीसँग भारतीय राजदूतको भेट

हिमालय टाइम्स
काठमाडौं, १८ कात्तिक

अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालस्थित भारतीय राजदूत विनय मोहन क्वात्राबीच भेटवार्ता भएको छ । मंगलबार अर्थ मन्त्रालयमा भेटमा अर्थमन्त्री पौडेलल र राजदूत क्वात्राबीच द्विपक्षीय आर्थिक सहयोग, व्यापार र लगानी, कोभिड-१९ को महामारी नियन्त्रणलगायत विषयमा छलफल भएको अर्थ मन्त्रालयले जनाएको छ ।

अर्थमन्त्रीले भूकम्पपछि पुनर्निर्माणका लागि भारत सरकारले गरेको सहयोगका लागि धन्यवाद दिनुभयो । साथै कोरोनाविरुद्ध नेपाल सरकारले चालेका कदमको जानकारी गराउनु हुँदै यसविरुद्ध सहकार्यमा जोड दिनुभयो । राजदूत क्वात्राले अर्थमन्त्री पौडेललाई बधाई दिँदै सफल कार्यकालको शुभकामना समेत दिनुभयो ।

उहाँले दुई देशबीचबीच धेरै पुरानो सम्बन्ध भएको उल्लेख गर्दै भारत सरकारले नेपालसँग सहकार्य गर्दै आगामी दिनमा सहयोगलाई निरन्तरता दिने वचन बद्धता व्यक्त गर्नु भएको अर्थ मन्त्रालयले जनाएको छ ।

भारतको सहयोगमा विद्यालय भवन

भारतको सहयोगमा नवलपुर जिल्लामा भीमसेन आदर्श उच्च माध्यमिक विद्यालय निर्माण सम्पन्न भएको छ । नेपाल-भारतमैत्री विकास सहकार्य कार्यक्रमअन्तर्गत भारत सरकारको २.५८३ करोड आर्थिक सहयोगमा निर्माण भएको भीमसेन आदर्श उच्च माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय भवनको काठमाडौंस्थित भारतीय राजदूतावास, जिल्ला समन्वय समिति तथा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि र स्थानीय प्रतिनिधि, विद्यार्थी एवं विद्यालय परिवारद्वारा संयुक्तरूपमा भिडियो कन्फरेन्समार्फत उद्घाटन गरिएको छ ।

नवलपुर जिल्लाको देवचुली-७ मा अवस्थित विद्यालयको स्थापना सन् १९६९ मा भएको हो । जहाँ कक्षा १२ सम्म अध्यापन गराइन्छ । विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये ५५ प्रतिशतभन्दा बढी छात्रा छन् । भारत सरकारको आर्थिक सहयोगमा जिल्ला समन्वय समितिले कार्यान्वयन गरेको विद्यालय भवनमा १६ कक्षा कोठा, प्रयोगशाला, प्रशासन तथा कर्मचारी कक्ष, बैठक कक्ष, चमेना गृह, औषधि कक्ष र सरसफाइ सुविधा छन् ।

एक्सन एडद्वारा ९ हजार पीपीई सहयोग

काठमाडौं/हिटा । एक्सन एड नेपालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई १ करोड ६२ लाख बराबरका ९ हजार ४ सय ५७ थान व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) हस्तान्तरण गरेको छ । कोरोना संक्रमितको पहिचान र उपचारमा खटिने स्वास्थ्यकर्मीका लागि एक्सनएडले मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उक्त सामग्री हस्तान्तरण गरेको हो ।

मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाललाई एक्सन एड नेपालकी कार्यकारी निर्देशक सुजिता माथेमाले सामग्री हस्तान्तरण गर्नुभएको हो । सो अवसरमा स्वास्थ्य सचिव लक्ष्मण अर्यालले कोरोना संक्रमणको दर बढिरहेको बेलामा प्रदान गरिएको सामग्रीले कोरोना संक्रमित पहिचान तथा उपचारमा खटिने स्वास्थ्यकर्मीलाई संक्रमणबाट जोगाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । सामग्रीलाई मन्त्रालयले आवश्यकता रहेका ठाउँमा पठाउने पनि उहाँले बताउनुभयो ।

समाज कल्याण परिषद्का उपाध्यक्ष डा. पदमप्रसाद खतिवडाले गैरसरकारी संस्थालाई कोरोना लक्षित कार्यक्रम बनाउन अनुरोध गरिएको स्मरण गर्दै एक्सनएडले सोहीअनुसार सामग्री हस्तान्तरण गरेको भन्दै खुशी व्यक्त गर्नुभयो एक्सनएड नेपालले विश्वभर फैलिएको कोरोनाबाट गरिब तथा सीमान्तकृत समुदायलाई बचाउन सचेतना अभिवृद्धिका साथै रोकथाम, राहत वितरण तथा सुरक्षा सामग्री वितरणलगायत अन्य सामाजिक तथा आर्थिक विकाशका कार्य गर्दै आएको छ ।

सस्थाले एचबिसिसी, डिएफआइडी, युनिलिभर र स्टाण्डर्ड चार्टड बैंकसँगको सहकार्यमा काठमाडौं उपत्यका, बर्दिया, डोटी, बाजुरा, सिरहा र नेपालका अन्य जिल्लामा कोरोना संक्रमितको पहिचान र उपचारमा खटिने स्वास्थ्यकर्मीका लागि सामग्री हस्तान्तरण गरिएको जनाएको छ ।

व्यक्तिगत सुरक्षा सामग्रीमध्ये ४ हजार थान मन्त्रालयले आवश्यकताअनुसार वितरण गर्ने र बाँकी रहेका सामग्री काठमाडौं, ललितपुर, भक्तपुर, बर्दिया, बाजुरा, डोटी र सिरहा जिल्लामा रहेका साझेदार संस्था तथा स्थानीय पालिकामार्फत स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई वितरण गरिने एक्सनएड नेपालकी कार्यकारी निर्देशक सुजिता माथेमाले बताउनुभएको छ ।

धुर्कोटमा खसी बोकाको निर्यात बढ्दो

रमेश विश्वकर्मा
गुल्मी, १८ कात्तिक

गुल्मीको धुर्कोट गाउँपालिकामा खसी बोकाको निर्यात बढ्दै गएको छ । गाउँपालिकाले सहकारीमार्फत खसी बोका निर्यात गर्दै आएको छ ।

धुर्कोट गाउँपालिकाले हालसम्म कुल ५ लाख ८२ हजार बराबरको खसीबोका बिक्री गरेको गाउँपालिकाले जनाएको छ । धुर्कोटमा बाखाको उत्पादन र पर्वद्धनका लागि गाउँपालिका, हेफर प्रोजेक्ट र स्थानीय संघसंस्था मिलेर बाखापालनमा अगाडि बढिरहेको हेफर इन्टरनेश्नल नेपालका कार्यक्रम अधिकृत विष्णु पाण्डेले बताउनुभयो ।

हेफरले बिउ बाखा वितरण गरेपछि त्यसबाट उत्पादित बोका बिक्री गर्दा कृषकले उचित मूल्य प्राप्त गरेको हेफरका कार्यक्रम अधिकृत सरोजकुमार श्रेष्ठको भनाइ छ । खसी बोका सामुहिकरूपमा बिक्री गरिएको हो । खसीबोका बिक्रीबाट कृषि तथा पशुपालन गर्नेमा हौसला मिलेको धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखलेले बताउनुभयो ।

कृषकले उत्पादन गरेका उपजको सुनिश्चत र उचित मूल्यम दिइरहेको गाउँपालिकाका उपाध्यक्ष शिवबहादुर खत्रीले बताउनुभयो । धुर्कोट गाउँपालिकामा कृषि र पशुको सम्भावना बढी भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम पन्थीले बताउनुभयो ।

धुर्कोट गाउँपालिकाले सामुहिकरूपमा बिक्री गर्दा जिउँदो २० केजीभन्दा कमलाई प्रतिकेजी ४ सय २५ रुपैयाँ, २१ केजीदेखि २९ केजी सम्मकोलाई ४ सय ५० रुपैयाँ, ३० देखि ३९ केजीसम्मलाई ४ सय ७५ रुपैयाँ र ४० केजीभन्दा बढीकोलाई ५ सय रुपैयाँ तोकिएको गाउँपालिका पशु विकास शाखाका प्रमुख श्याम कार्कीले जानकारी दिनुभयो ।

सुवर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कवहीगोठ, बारा
प्रदेश नं २, नेपाल

एम्बुलेन्स आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७७/०७/१९ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको वा म्याद थपको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी सहित नियमानुसार को वोलपत्र दस्तुर रु.३०००।- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको नाममा हिमालयन बैंक लि. कबहीगोठ शाखामा रहेको आन्तरिक राजश्व खाता खाता नं. ०५५०७८०७२०००१७ मा जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा हिमालयन बैंक लि. कबहीगोठ शाखामा यस कार्यालयको धरौटी खाताको नाम र खाता नं. ०५५०७९०७२०००१४ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकार को मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थिती मा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

बोलपत्र/ठेक्का नं.	सामान/उपकरणको नाम	आवश्यक संख्या	बोलपत्र फारम दस्तुर रु.	जमानत रकम
०५/२०७७/०७८	एम्बुलेन्स (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम)	थान २ (दुई)	३,०००/-	६०,०००।

प्रमुख प्रशासकीय अधिकृत

चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
चिचिला, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७७/०७/१९

यस कार्यालयबाट तपशिल बमोजिमको कार्य गर्न मिति २०७७/०५/२८ गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान गरिए बमोजिम देहाय अनुसार ठेक्कामा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ तपशिल बमोजिम बोलपत्र स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. सं.	ठेक्का नं.	कार्य विवरण	स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना	स्वीकृत रकम (भ्याट सहित)	कैफियत
१.	CRM/W/NCB/B/ 1/077-078	Construction of Ward no.5 office building of Chichila Rural Municipality	श्री रानीढुङ्गा निर्माण सेवा, खाँदबारी, संखुवासभा	रु. ६७,४५,६२१.४२ ।- अक्षरेपी सठसट्ठी लाख पैतालिस हजर छ सय एक्काइस रुपौया दशमलब बयालीस पैसा)	

शुक्रादेवी राई
प्रमुख प्रशासकीय अधिकृत